# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०९।१६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बाँके, नरैनापुर गाउँपालिका वडा नं. २ स्थित मदरसा दारुल उलूम अमजदिया बरकातियाका प्रधानाध्यापकले विभिन्न आ.व. मा तलब भत्ता, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक लगायतका शीर्षकमा साविक जिल्ला शिक्षा कार्यालय, बाँकेबाट निकासा भएको रकम सम्बन्धित शीर्षकमा खर्च नगरी हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बाँके, नरैनापुर गाउँपालिका वडा नं. २ स्थित मदरसा दारुल उलूम अमजदिया बरकातियालाई जिल्ला शिक्षा कार्यालय, बाँकेबाट आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म शिक्षक तलब भत्ता, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, विद्यालय फर्निचर र भवन निर्माण शीर्षकमा निकासा भएको तथा **मदरसाका तत्कालीन प्रधानाध्यापक कलिम अहमद जोलाह**को नाममा लेखापरीक्षण प्रतिवेदनले पेश्की बेरुजु औंल्याएको रकमसमेत सम्बन्धित शीर्षकमा खर्च गर्नुपर्नेमा मदरसाका तत्कालीन प्रधानाध्यापक कलिम अहमद जोलाहले **विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बदरुददुजा खाँसँग** मिलेमतो गरी रु.१८,०३,७४१।– (अठार लाख तीन हजार सात सय एकचालीस रुपैयाँ) रकम सम्बन्धित शीर्षकमा खर्च नगरी आफूखुशी खर्च गरेको र तत्कालीन प्रधानाध्यापकको हैसियतले आफ्नो जिम्मामा रहेका सक्कल कागजातहरु बरबुझारथ नगरी लुकाएको, नोक्सान पुऱ्याएको वा नष्ट गरेको भन्ने पुष्टि भएको हुँदा प्रतिवादी कलिम अहमद जोलाह र बदरुददुजा खाँलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको कसुरमा बिगो रु.१८,०३,७४१।– (अठार लाख तीन हजार सात सय एकचालीस रुपैयाँ) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र बिगोसमेत असुल उपर हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ मा उल्लेख भएबमोजिम कैद र जरिवाना गरी पाउन समेत मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे